मिति:-२०८१/११/०७

समय:- विहान ११ वजे

स्थान:- आठविसकोट नगर कार्यपलिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको १०४ औं नगर कार्यपालिकाको आपत्कालिन बैठक नगर प्रमुख श्री रवि के.सी.को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो। उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| हस्ताक्षर | क्र.सं. | पदाधिकारीहरुको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | श्री रत्ने कामी | कार्यपालिका सदस्य | |
| | २६ | श्री गणेश थापा | लेखापाल | |
| | २७ | श्री जंग वहादुर थामीमगर | प्रशासन सहायक पाँचौ | |
| | २८ | श्री मानबहादुर वटाला | एम.आइ.एस. अपरेटर | |
| | २९ | श्री तस्वीर परियार | कास | |
| | ३० | श्री कमल भट्टराई | रोजगार संयोजक | |

**१०४ औं नगर कार्यपालिका बैठक (मिति २०८१/११/०७ गते)का निर्णयहरु :-**

१. रुकुम जिल्ला गोतामकोट गा.वि.स. को नाममा कायम साविक गोतामकोट गा.वि.स. वडा नं. ३ मा रहेको कित्ता नं. ५१९ को जग्गा हाल संघीय संरचना बमोजिम आठविसकोट नगरपालिका वडा नं. ४ मा पर्ने भएकोले सो जग्गाको जग्गाधनीको नाम परिवर्तन गरी आठविसकोट नगरपालिका ४ नं. वडा कार्यालय कायम गर्न मालपोत कार्यालय आठविसकोटलाई सिफारिस गर्ने । आठविसकोट नगरपालिका ४ नं. वडा कार्यालयको जग्गा अपुग रहेकोले वडा कार्यालयसंग एउटै प्लटमा पर्ने जग्गाका जग्गाधनीसंग आवश्यक समन्वय गरी आवश्यकत्ता बमोजिम तपसिलका दान/वकसपत्रबाट जग्गा प्राप्ती गर्ने ।

| क्र.सं. | जग्गा दान गर्ने व्यक्तिको नाम | कित्ता नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री भदे विष्ट | ५१२ | |
| २ | श्री भिम वहादुर विष्ट | ११६८ | |
| ३ | श्री तुले विष्ट | ११६७ | |
| ४ | श्री जोखे भण्डारी | ५१८ | |

२. बैदशिक रोजगार बोर्डको सचिवालय बवरमहल कामठमाण्डौंले प्रकाशन गरेको सूचना अनुसार बैदेशिक रोजगारीमा जान चाहाने युवाहरु र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति एवं निजका परिवारहरुको लागि उपलब्ध गराउने छोटो अवधिको सिपमूलक देहायका तालिममा देहाय बमोजिम सहभागी छनौट गरियो ।

| क्र.सं. | तालिमका विषयहरु | तालिम अवधि (घण्टा) | सहभागि संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | पलम्बर सहायक | १६१ | ७० | |
| २ | हाउस पेन्टर | १६३ | ७० | |
| ३ | सहायक टायल मार्बल फिक्सर | १८० | ७० | |
| ४ | इलेक्ट्रिसियन | १६० | ७० | |
| ५ | गार्मेन्ट मेसिन अपरेटर | १६७ | ७० | |
| ६ | जुनियर ब्युटिसियन | १८० | ७० | |

३. यस आठविसकोट नगरपालिकालाई प्राप्त हुने गरी संघीय समपूरक अनुदान, संघीय विशेष अनुदान, प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदान अन्तर्गत तपसिल बमोजिम योग्यताक्रम हुने गरी आयोजनाहरु छनौट गर्ने ।

क) संघीय समपूरक अनुदान आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | ३ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |
| २ | ८ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |
| ३ | १२ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |

२०८१।११।०८

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख) संघीय विशेष अनुदान आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा विक्री केन्द्र स्थापना, आठविसकोट नगरपालिका-९, राडिज्यूला | |
| २ | सामुदायिक विद्यालयहरुको लागि फर्निचर तथा उपकरण खरिद | |
| ३ | आठविसकोट नगरपालिकाका स्वास्थ्य संस्थाहरुको लागि उपकरण खरिद | |

ग) प्रदेश समपूरक अनुदान आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | ५ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |
| २ | १० नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |
| ३ | ९ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | |

घ) प्रदेश विशेष अनुदान आयोजना

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुको लागि ICT ल्याव स्थापना | |
| २ | भानुभक्त आधारभूत विद्यालय औलीगाउँको विद्यालय घेरबार | |
| ३ | शाइकुमारी माध्यमिक विद्यालय रोकाजाखेतको विद्यालय घेरबार | |

४. यस आठविसकोट नगरपालिकाको प्रसुति जटिलता प्रेषण सम्बन्धि निर्देशिका, २०८१ स्वीकृत गरियो।

५. यस आठविसकोट नगरपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरियो ।

६. यस आठविसकोट नगरपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकत गरियो।

७. आठविसकोट नगरपालिकाको आयोजना र सिप तथा पुनर्निर्माण परियोजना (HELVETAS) नेपाल सहयोगमा भुकम्प प्रतिरोधि घर निर्माण सम्बन्धि ५० दिने डकर्मि तालिममा सहभागी हुन बाँकी वडा नं. १ र १० लाई समेत तालिममा सहभागी गराउने। साथै प्रति वडा १० जनाका दरले जम्मा १४० जना नयाँलाई तालिम सञ्चालनको लागि HELVETAS नेपालसंग अनुरोध गर्ने।

८. यस आठविसकोट नगरपालिका रुकुम पश्चिम भित्रका सवै सडकहरुले ओगटेको क्षेत्रको जगाको नियमानुसार लगत कट्टा गर्न देहाय बमोजिमको समन्वय तथा सहजिकरण समिति गठन गर्ने।

क) श्री रवि के.सी. – संयोजक

ख) श्री देव वहादुर घर्ती - सदस्य

ग) श्री देव वहादुर यरी - सदस्य

घ) श्री केशरमान विक - सदस्य

ङ) श्री नरसिं विष्ट - सदस्य

२०८१।११।०८

राजेश गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

च) श्री घनश्याम भण्डारी - सदस्य
छ) श्री धनेश्वर शर्मा - सदस्य
ज) श्री अमृत वुढा - सदस्य
झ) श्री खगेन्द्र विक - सदस्य
ञ) श्री जनक वहादुर वटाला - सदस्य
ट) श्री गणेश कुमार शाह - सदस्य
ठ) प्रेम वहादुर पुन - सदस्य
ड) श्री खुम्मे कुसारी - सदस्य
ढ) श्री टेक वहादुर थापा - सदस्य
ण) हुकुम वहादुर पुन - सदस्य
त) कमल विसी - सदस्य (पूर्वाधार शाखा प्रमुख)
थ) मान वहादुर आग्री - सदस्य (नापि कार्यालय प्रमुख)

९. यस आठविसकोट नगरपालिकाको वडा नं. ११ स्थित सिमबजार क्षेत्रको जगाको नक्सा र भोगचलनमा फरक परेकाले हाल साविक नापजाँचको प्रक्रिया अनुसार कार्य सञ्चालन गर्न देहाय बमोजिमको समन्वय सहजिकरण तथा व्यवस्थापन समिति गठन गर्ने।

क) श्री प्रेम वहादुर पुन - संयोजक
ख) श्री रत्ने कामी - सदस्य
ग) श्री राम वहादुर चन्द - सदस्य
घ) श्री जगविर वटाला - सदस्य
ङ) श्री मनिराज खत्री - सदस्य (वडा प्राविधिक)
च) श्री खम्मु वाँठामगर - सदस्य (नगर प्रहरी व्यवस्थापन उपशाखा)
छ) श्री राजेन्द्र वटाला - सदस्य सचिव (नापि कार्यालय)

१०. यस आठविसकोट नगरपालिकाको वडा नं. ४, ५ र ६ लाई केन्द्रित गरी नेपाल विद्युत प्राधिकरणको लाइट शाखा स्थापना गर्न नेपाल विद्युत प्राधिकरणको वितरण शाखा मुसिकोट रुकुम पश्चिलाई अनुरोध गर्ने।

११. सयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रम र सप्रोस नेपालको सहयोगमा जिविको पार्जन परियोजनाबाट आठविसकोट नगरपालिकाको वडा नं. ११, १२, १३ र १४ मा निर्माण भएका सडकहरुको हाइ ग्रेड र चट्टान कटान गर्दा भएको खर्चको साझेदारी नगरपालिकाले गर्ने निर्णय भए बमोजिम उक्त सडकहरुको अनुगमन गरी मूल्याङ्कनका आधारमा भुक्तानी दिने।

१२. यस आठविसकोट नगरपालिकामा रहेका संस्थागत विद्यालयहरु तोकिएको मापदण्ड अनुसार सञ्चालन नभएको भन्ने गुनासो प्राप्त भएकोले उक्त विद्यालयहरुको अनुगमन गरी विद्यालय अनुगमन प्रतिवेदन आगामी कार्यपालिकामा पेश गर्ने।

२०७९।११।०८
राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१३. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ बमोजिम गठित कार्यान्वयन समितिले सिफारिस गरी स्थानीय भूउपयोग परिषद आठविसकोट नगरपालिका मार्फत अनुमोदित आठविसकोट नगरपालिका क्षेत्रभित्रको जग्गाको वर्गीकरण तपसिल बमोजिम हुने गरी संशोधन गरीएको छ । संशोधित विवरण संघीय भूउपयोग परिषदमा लेखि पठाउने ।

**तपसिल**

| ठाउँको नाम | हालको वडा | साविक गाविस र वडा | साविक जग्गाको वर्गीकरण | संशोधित जग्गाको वर्गीकरण |
|---|---|---|---|---|
| टिमुर गाउँ, बल्छिन, भण्डारीगाउँ, पिपलज्यूला | ४ | गोतामकोट | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| मानचौर | ४ | गोतामकोट | पर्यटकीय क्षेत्र | आवासीय क्षेत्र |
| जागे, जलिगाड, मग्गा, गैरीपातल, चिनचौर, बल्लेजुरा, च्वान | ५ | गोतामकोट | कृषि क्षेत्र | आवासीय क्षेत्र |

१४. यस आठविसकोट नगरपालिकाको वडा नं. २ र १ मा निर्माणधिन रहेको खारा ओख्ले सडक खण्डको निर्माण हुन बाँकी रहेको सडक निर्माण गर्न भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, बीरेन्द्रनगर सुर्खेत र भौतिक पूर्वाधार मन्त्रालय, सिंहदरबार काठमाण्डौंलाई अनुरोध गर्ने ।

१५. यस आठविसकोट नगरपालिकाको श्री जनज्योती आधारभूत विद्यालय डाँफे आठविसकोट नगरपालिका-७, रुकुम पश्चिमले आठविसकोट नगरपालिका नगर शिक्षा नियमावली अनुसार कक्षा थपको लागि सवै प्रक्रिया पुरा गरेकोले आधारभूत तह कक्षा ७ सञ्चालनको लागि अनुमति दिने ।

१६. यस आठविसकोट नगरपालिकाको वडा नं. ३ मा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतबाट निर्माणधिन अवस्थामा रहेको खदिगाउँ ग्रामिण पूर्वाधार निर्माण कार्यक्रम अधुरो हुने भएकोले उक्त कार्यक्रमलाई क्रमागत आयोजनामा समावेस हुने व्यवस्थाको लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतलाई अनुरोध गर्ने ।

१७. यस आठविसकोट नगरपालिका रुकुम पश्चिम अन्तर्गत स्वास्थ्य तथा सामाजिक विकास शाखामा जन स्वास्थ्य निरीक्षक पद अधिकृत छैठौं तहमा कार्यरत श्र प्रेम प्रकाश रोकाय (क.सं.नं.२१७३५८) ले चिकित्सा शिक्षा आयोगद्धारा मिति २०८१।०५।०५ गते सञ्चालित Bachelor in Public Health (BPH) को प्रवेश परीक्षा उतिर्ण भई पूर्ण छात्रवृत्ति कोटामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा सञ्चालन हुने Bachelor in Public Health (BPH) (४ वर्षे कोर्ष) अध्ययनको लागि भर्ना भएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मनोनयन भई आवश्यक प्रक्रिया पुर्याई अध्ययन विदा स्वीकृतको लागि निवेदन र कर्मचारी प्रशासन शाखाबाट टिप्पनी मार्फत पेश हुन आएकोले निजलाई नियमानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ८७ (२) र ८७ (७) बमोजिम मिति २०८१/१०/११ गतेदेखि लागु हुने गरी ४ (चार) वर्ष सम्मका लागि तलबी अध्ययन बिदा स्वीकृत गर्ने ।

२०८१।११।०८
राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१८.साविक रुकुम जिल्ला आठविसकोट गा.वि.स. वडा नं. ७ मा रहेको कित्ता नं. १६०२ को क्षेत्रफल ३५३५ बाट ५०० वर्ग मिटर जग्गा आठविसकोट नगरपालिका ९ नं. वडा कार्यालयको नाममा जग्गाधनीसंग आवश्यक समन्वय गरी आवश्यकत्ता बमोजिम तपसिलका दान/वकसपत्रबाट जग्गा प्राप्ती गर्ने ।

| क्र.सं. | जग्गा दान गर्ने व्यक्तिको नाम | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रजित खत्री | १६०२ | ३५३५ | |

१९. यस आठविसकोट नगरपालिका रुकुम पश्चिमको वडा नं. ११ मा रहेको श्री आधारभूत विद्यालय घाटीगौराको मिति २०८१/०१/२४ गते वसेको अविभावक भेला र विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार उक्त विद्यालयको नाम श्री बालमैत्री आधारभूत विद्यालय डाँडागाउँ, आठविसकोट नगरपालिका-११, रुकुम पश्चिम राख्ने प्रस्ताव स्वीकृत गर्ने ।

२०. विश्व खाद्य कार्यक्रम र सप्रोस नेपाल सँगको सहकार्यमा यस नगरपालिकाको वडा नं. ११, १२, १३ र १४. स्तरउन्नती गरिएका सडकको मर्मत सम्भारका लागि मर्मत संभार कोषमा रु ४ लाख विनियोजन गर्ने ।

२१. यस नगरपालिकाका तपसिल बमोजिमका गरिब तथा अति विपन्न नागरिकहरुलाई उपचार खर्च र विपन्नलाई राहत स्वरुप तपसिल बमोजिम हुने गरी रकम उपलब्ध गराउने ।

| क्र.सं. | नाम, थर | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | धनचन्द्र वि.क. | आठविसकोट नगरपालिका-६,रुकुम पश्चिम | ५० हजार | |
| २ | नरेश नेपाली | आठविसकोट नगरपालका-१४, रुकुम पश्चिम | ५० हजार | |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

२०८१।११।०८

राजेश गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner